"हरित नगर, समृद्ध दमक"

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमक, झापा
१ नं. प्रदेश, नेपाल

०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
फ्याक्स नं. ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

मिति: २०७८/०४/१७

## प्रेस बिज्ञप्ती

मिति २०७८ श्रावण १७ गते नगर प्रमुख श्री रोमनाथ ओली ज्यूको अध्यक्षतामा कोरोना भाईरस संक्रमण रोकथाम तथा नियन्त्रण पालिका स्तरीय संरचना समितिको बैठक बस्यो। बैठकमा कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार मन्त्रीपरिषद्को निर्णय कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा गर्न बनेको अध्यादेश २०७८, संक्रामक रोग ऐन २०२० र जिल्ला कोरोना भाईरस संकट व्यवस्थापन समिति, झापाको मिति २०७८ श्रावण १४ गतेको निर्णय माथि छलफल गरी जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी भएका निषेधाज्ञालाई समेत आधार मानि दमक नगर क्षेत्र भित्र मिति २०७८ श्रावण १७ गते मध्यराती १२:०० बजे देखि लागू हुने गरी मिति २०७८ श्रावण २३ गते राती १२:०० बजे सम्म देहाय अनुसार प्रभावकारी रुपमा लागू गर्ने निर्णय भएको छ।

- **सर्वसाधारणका लागि:**
  - क) अत्यावश्यक काम (औषधि तथा अत्यावश्यक बस्तु वा सेवा खरीद) बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने।
  - ख) हाट बजार, मेला, जात्रा, महोत्सव, पार्टी, भोज लगायत भिडभाड हुने कार्य नगर्ने नगराउने।
  - ग) कोभिड-१९ को लक्षण देखिएमा वा त्यस्तै प्रकारको कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य केन्द्र वा अस्पातलमा सम्पर्क राख्ने।
- **कार्यालय संचालन सम्बन्धमा:**
  - क) अत्यावश्यक सेवा संचालन गर्ने बाहेकका सरकारी कार्यालय तथा सार्वजनिक कार्यालयहरुले सेवा स्थगन गर्ने र त्यस्ता कार्यालयमा न्यूनतम कर्मचारी मात्र उपस्थित भई कार्यालयको आन्तरिक प्रशासन संचालन गर्ने।
  - ख) सरकारी, सार्वजनिक कार्यालयका कर्मचारीहरुले कर्मचारी परिचयपत्रका आधारमा बिहान ९:०० बजे देखि १०:०० बजे सम्म तथा बेलुकी ५:०० बजे देखि ६:०० सम्म मात्र सरकारी तथा निजी सवारी साधनमा आवतजावत गर्न पाउने। अत्यावश्यक सेवा सञ्चालन गर्ने कार्यालयका कर्मचारीहरुको हकमा कर्मचारी परिचयपत्रका आधारमा सरकारी तथा निजी सवारी साधनमा आवश्यकता अनुसार आवतजावत गर्न पाउने।
- **बैंक/वित्तीय संस्था सम्वन्धमा:**
  - क) बैंक तथा वित्तिय संस्थाहरुको सम्बन्धमा **ए.टि.एम. सेवा** बाहेक अन्य सेवाहरु संचालन नगर्ने।

- **पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमा:**

  क) औषधी र स्वास्थ्य सामाग्री, ईन्धन पेट्रोल/डिजल स्टेसन, एल.पि.जी ग्यास बाहेकका अन्य व्यवसायहरु पुर्ण रुपमा बन्द गर्ने तर **फलफुल, हरियो तरकारी, दुधजन्य पदार्थ तथा मासु तथा मासुजन्य पदार्थ विहान ६:०० बजे देखि विहान ८:०० बजे सम्म खुल्ला रहने ।** सामाग्री खरीद गर्न निस्कदा अनिवार्य मास्कको प्रयोग गर्ने, सामाजिक दुरी कायम गर्ने र कुनै भिडभाड नगरी स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने ।

  ख) अस्पतालहरुले आकस्मिक सेवा बाहेक अन्य सेवा संचालन गर्दा आवश्यकता तथा औचित्यताको आधारमा आफै निर्णय गरी सेवा संचालन गर्ने अन्य स्वास्थ्यसेवा प्रदायक संस्थाले आकस्मिक सेवा मात्र संचालन गर्ने र सो सेवा संचालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड पुर्ण रुपमा पालना गर्ने ।

  ग) सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, सपिङ मल, मनोरञ्जन स्थल, पार्क, सैलुन, ब्यूटी पार्लर, जीमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय, चिडियाखाना, आदि बन्द गर्ने ।

- **सवारी साधन सञ्चालन सम्बन्धमा:**

  क) अत्यावश्यक सेवाहरु बाहेका सबै प्रकारका नीजी एवं सार्वजनिक सवारी साधन मिति २०७८ श्रावण १७ गते मध्यराती १२:०० वजे देखि २०७८ श्रावण २३ गते मध्यराती १२:०० वजे सम्म दमक नगरपालिका भरी संचालन गर्न पूर्ण रुपले रोक लगाउने ।

  ख) सरकारी कार्यालयका कर्मचारी, सार्वजिनक संस्थानका कर्मचारी, बैंक तथा वित्तिय संस्थामा कार्यरत कर्मचारीले कार्यालय आउन जानको लागि प्रयोग गर्ने सरकारी तथा नीजि सवारी साधनको हकमा कार्यालयले जारी गरेको कर्मचारीको परिचय पत्रको आधारमा सञ्चालन गर्न पाईने ।

  ग) अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, ईन्धन तथा लुब्रिकेन्ट, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दुध, तथा दुधजन्य पदार्थ बोकेको सवारी साधन, बैङ्क, वित्तीय संस्था, रेडक्रस, दुरसञ्चार, विद्युत, इन्टरनेट, क्वारेन्टिन, आइसोलेसन, फोहोरमैला व्यवस्थापन, कुरियर तथा डाँकसेवा, ढुवानी लगायतका सवारी साधनहरु विषय उल्लेख गरी सञ्चालन गर्न पाईने ।

  घ) दमक नगरपालिका क्षेत्र भित्र खाद्यान्न लगायतका सामाग्री ढुवानी बेलुका ५:०० बजे देखि बेलुका ८:०० बजे सम्म गर्न पाउने ।

- **उद्योग, कल-कारखाना र विकास निर्माण कार्य सञ्चालन सम्बन्धमा:**

  क) उद्योग तथा कलकारखाना सञ्चालन गर्दा सकेसम्म थोरै जनशक्तिबाट सञ्चालन गर्ने र त्यस्ता जनशक्तिलाई खान र बस्ने सुविधा उद्योग परिसर भित्रै मिलाउने, छुट्टै क्वारेनटाइनको व्यवस्था सम्बन्धित उद्योगले मिलाउने ।

  ख) राष्ट्रिय गौरब तथा महत्वका आयोजना/परियोजना र अति आवश्यक विकास निर्माण कार्यका लागि कामदारहरुलाई खाने बस्ने ब्यबस्था सम्वन्धित आयोजनाले निर्माणस्थलमा नै मिलाई स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

- **विवाह तथा मृत्यु संस्कार सम्बन्धमा:**

  क) विवाहको लागि बढीमा १० जनासम्म जन्ति जान आउन दुलाहा दुलही सहित २ वटा सवारी साधनमा ५/५ जना सम्म व्यानर राखेर प्रयोग गरी पालिका भित्र वा अन्य पालिकमा आवत जावत गर्नु पर्दा अनुमति आवश्यक नपर्ने ।

  ख) मृत्यु संस्कार, बिरामी कुरुवाको रुपमा अनिवार्य सहभागि हुनु पर्ने व्यक्तिले अन्य पालिकामा जानु पर्दा सम्बन्धित व्यक्तिले उक्त व्यहोरा खुल्ने कागजात (निवेदन, अस्पतालको कागजात वा सम्बन्धित स्थानीय तहको सिफारिस सहित जिल्ला प्रशासन कार्यालयमा अनुमतिका लागि निवेदन पेश गर्नुपर्ने ।

- **सभा सम्मेलनको हकमा:**
  - क) सबै प्रकारका सभा, सम्मेलन, जुलुस, गोष्ठी, तालिम, सेमिनार लगायतका कार्यहरुको संचालनमा रोक लगाउने ।
- **विविध:**
  - क) सञ्चारकर्मी/पत्रकारको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्न सूचना बिभागले जारी गरेको परिचय पत्र वा सम्बन्धित संचार गृह वा पत्रकार महासंघको परिचयपत्रको आधारमा आवत जावत गर्न दिने ।
  - ख) अत्यावश्यक उपयोग्य बस्तु वा सेवाको आपूर्तिमा कृतिम अभाव सिर्जना गर्ने, मूल्य वृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा आपूर्तिमा अवरोध गर्नेहरु उपर कानून बमोजिम कडा कारवाही गर्ने ।
  - ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडानबाट स्वदेश तथा विदेश भित्र यात्रा गर्न यात्रुहरुको हकमा हवाई टिकट, राहदानी, भिषा लगायतका कागजातका आधारमा सम्वन्धित व्यक्ति र निजले प्रयोग गर्ने सवारी साधनलाई यात्रा सहजीकरण गरिने ।

१. **दमक नगरपालिका क्षेत्रमा २०७७ चैत २५ गते देखि हाल सम्मको कोरोना भाईरस को संक्रमणको विवरण:**

| **क्र.सं.** | **विवरण** | **पुरुष संख्या** | **महिला संख्या** | **जम्मा** |
|---|---|---|---|---|
| १ | पि.सि.आर/एन्टिजेन पोजेटिभ | १६३७ जना | १५३४ जना | **३१८० जना** |
| २ | निको भएको | ११६४ जना | ११०७ जना | **२२७१ जना** |
| ३. | मृत्यु भएको | २५ जना | १५ जना | **४० जना** |
| ४. | सक्रिय संक्रमित | ४५४ जना | ४१५ जना | **८६९ जना** |

२. **दमक नगरपालिका कोभिड उपचार केन्द्र, बेलडाँगीमा मिति २०७८ बैशाख १९ गते देखि २०७८ श्रावण १७ गते सम्म कोरोना भाईरसको संक्रमण बिरामीहरुको ओ.पि.डी तथा भर्नाको विवरण:**

| **सि.नं.** | **विवरण** | **महिला** | **पुरुष** | **जम्मा** | **दमक न.पा भित्रको संख्या** | **अन्य पालिकाको संख्या** |
|---|---|---|---|---|---|---|
| १ | बिरामी भर्ना | १५५ जना | १८५ जना | **३४० जना** | २१० जना | १३० जना |
| २ | ओ.पि.डी. भर्ना | ३१९ जना | ४६२ जना | **७८१ जना** | ६०४ जना | १७७ जना |

**३. मिति २०७८ श्रावण ०९ गते दमक नगरपालिका क्षेत्र भित्र रहेका कोभिड उपचार केन्द्रमा उपचाररत बिरामीको विवरण:**

| **क्र.सं.** | **कोभिड उपचार केन्द्रको नाम** | **बिरामीको संख्या** |
|---|---|---|
| १ | दमक अस्पताल, कोभिड उपचार केन्द्र | ३७ जना |
| २ | आम्दा अस्पताल | २७ जना |
| ३ | एडभान्स अस्पताल | १६ जना |
| | **जम्मा** | **८० जना** |

**४. निषेधाज्ञा पालना नभएको पाइएमा आदेशको अवहेलना गर्ने वा काममा बाधा पुऱ्याउने व्यक्तिहरुलाई संक्रामक रोग ऐन २०२० तथा प्रचलित नियम कानून अनुसार दण्ड, सजाय र जरिवाना हुनेछ।**

५. कोभिड-१९ संकटको यो विषम परिस्थितिमा दमक नगरपालिका कार्यालय झापाले जारी गरेको निषेधाज्ञा प्रति नगरबासी सबै नागरिक, राजनैतिक दल, नागरिक समाज, पत्रकार महासंघ, उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ लगायत सम्वद्ध सबै संघसंस्थाबाट जनाउनु भएको ऐक्यवद्धता र निषेधाज्ञाको पालना प्रति आभार व्यक्त गर्दै कोभिड-१९ को संक्रमणको दर बृद्धि भईरहेको वर्तमान परिप्रेक्षमा अझै केही समय निषेधाज्ञालाई निरन्तरता दिनुपर्ने देखिएकोले निषेधाज्ञाको अझ प्रभावकारी पालनाको लागि सबैमा अनुरोध गर्ने।

६. कुनै विशेष जानकारी गराउन पर्ने अवस्था भएमा नगरपालिका स्वयंले नगरबासीहरुमा आधिकारिक संचार माध्यमबाट सुसूचित गराउने हुँदा निराधार तवरले सामाजिक संजाल वा अन्य कुनै माध्यमबाट सम्प्रेषण हुने सूचनाहरुमा भर नपर्न पनि हार्दिक अनुरोध गरिएको छ। यसका साथै नेपाल सरकारले स्वास्थ्य सुरक्षा सम्बन्धि लागु गरेको मापदण्ड अपनाई सावधानी र सतर्कतापूर्वक अत्यावश्यक काम नपरेसम्म घरमै बस्ने र विदेशबाट आएका व्यक्ति वा परिवारले सोको जानकारी नगरपालिका वा प्रहरीलाई तत्काल गराउन सम्पूर्ण नगरबासीमा अपिल गरिएको छ।

…………………

प्रवक्ता

गीता अधिकारी

उप प्रमुख

दमक नगरपालिका